# २

# अब्राहमः प्रथम सुसमाचार प्रचारक

*यस अध्यायका मूल पदहरूः* उत्पत्ति १२:१-३, उत्पत्ति १४:८-२४, हिब्रू ११:८-१९, गलाती ३:६, उत्पत्ति १२:६,७, उत्पत्ति १८:१८,१९।

*कण्ठ गर्नुपर्ने मूल सारः* "६ अब्राहामलाई नै हेर, धर्मशास्त्रले भन्छ "उनले परमेश्वरमा विश्वास गरेका थिए, र अब्राहमले परमेश्वरमाथि विश्वास गरेको हुनाले उहाँले उनलाई ग्रहण गर्नुभयो ।" त्यसकारण परमेश्वरमाथि उनको आस्था वा विश्वासले उनी परमेश्वर सामु धर्मी वा ठीक ठहरिनुभयो। ७ अब तिमीहरूले यो जान, कि जस-जसले विश्वास गर्छन्, तिनीहरू नै अब्राहामका सन्तान हुन्। ८ धेरै समय अघि नै धर्मशास्त्रले यो भनिएको थियो कि परमेश्वरले अन्यजाति अर्थात् गैर-यहूदीहरूलाई उहाँप्रति तिनीहरूको विश्वासले गर्दा उहाँले तिनीहरूलाई ठीक वा धर्मी ठहराउनुहुन्छ। "अब्राहामलाई "तिमीले गर्दा नै सबै जातिले आशिष् पाउनेछन्" भन्ने सुसमाचार अघिबाटै सुनाएको थियो।" गलाती ३:६-८।

विश्वको तिन प्रमूख धर्महरूलाई (यहुदी, इसाई र इस्लाम) कहिलेकाहीं "अब्राहमको धर्म वा आस्थाहरू" भनेर कहालाईंदा अचम्म मान्नुपर्दैन। किनभने ती तिनै धर्महरूको सुरूवात कुनै न कुनै प्रकारले परमेश्वरको त्यस महान् व्यक्तित्वबाट सुरू भएको थियो।

परमेश्वरमाथिको अटल आस्थाको उत्कृष्ट आदर्श नमूना अब्राहमले देखाएको हुनाले उहाँको सबैले सऱ्हाहना गरे। यस अध्यायमा अब्राहमको विश्वास अर्थात् परमेश्वरमाथि देखाएको प्रतिवद्धता नयाँ ढँगले नियाल्नेछौं। सत्य सनातन सृष्टिकर्ता र मुक्तिदाता परमेश्वरको निम्ति अर्को देशमा गएर अरू मानिसहरू सामु सुसमाचार प्रचार गर्ने व्यक्ति वा मिसिनेरीको रूपमा अब्राहमलाई हामीले हेर्नेछौं।

अब्राहम र पछि उनका सन्तानलाई तिनीहरूले पालन गर्नुपर्ने तिन लक्ष्यहरू परमेश्वरले सुनाउनुभएको थियोः (१) जलप्रलय भन्दा अघि हराएका परमेश्वरको राज्यको बारेमा भएको दैविक सत्यज्ञानलाई

सुरक्षित गरिराख्नु (२) यस संसारको इतिहासमा मुक्तिदाताको अवतरण हुन तिनीहरूकै सन्तानबाट हुन्छ भन्ने भविष्यवाणीलाई पकडि राख्नु (३) परमेश्वरको परमभक्त सेवकहरू भएको हैशियतले तिनीहरू सारा राष्ट्रको निम्ति ज्योति बनेर चम्किएर बस्नु। परमेश्वरको बारेमा जानकारी पाउनेहरूको निम्ति अब्राहम र उनको सन्तान ज्योति जस्तै भएर चम्किरहने जिम्मेवारी तिनीहरूमाथि थियो।

## १ अब्राहमको बोलाहत (उत्पत्ति १२:१-३)

अब्राम नाउँको अर्थ “सम्मान गरिएको पिता" हो। तर पछि उनको नाउँ अब्राहममा परिवर्तन गरिएको थियो जसको अर्थ हो “भिडको पिता।" उनी ऊर भन्ने देशमा हुर्कनुभएको थियो। त्यो देश आधुनिक इराक हो। तत्कालिन उनको प्रख्यात आत्मिक र सामाजिक पूर्खाको थलो ऊरबाट निस्केर आउन र अलग हुन परमेश्वरले उनलाई अऱ्हाउनुभयो। अपरिचित देशमा अब्राहमले यात्रा गर्नुपरेको थियो। सय वर्ष पछि परमेश्वरले अब्राहमलाई “विश्वास अर्थात् बफादारीको पिता" भनेर नामाङ्करण गरियो। उनको घर गृहष्थि स्वर्ग जस्तो त थिएन तैपनि विभिन्न व्यक्तिगत र पारिवारिक संघर्षको बाबजुद पनि धेरै मानिसहरूको सामु उनी सनातन एक मात्र सृष्टिकर्ता परमेश्वरको आदर्श सुसमाचारवाहक वा मिसिनेरी बने। परमेश्वरप्रतिको परमभक्त र बफादारीता उनमा झल्किएको हुनाले उनी सम्माननीय अगुवा भएका थिए।

**उत्पत्ति १२:१-३मा के यस्तो नीति छ जुन् तपाईंकै जीवनमा पनि विशेष समयमा लागु गर्न सहयोग हुन्छ? अब्राहमले के अनुभव गरे जुन् समय समयमा तपाईं आफैले भोग्नु परेको हुन्छ? हेर्नुहोस्, “१ परमप्रभुले अब्रामलाई भन्नुभयो, “तिम्रो देश र तिम्रा कुटुम्ब तथा तिम्रा पिताका घरबाट निस्केर जुन देश म तिमीलाई देखाउँछु त्यहाँ जाऊ। २ “म तिमीबाट एउटा ठूलो जाति खड़ा गर्नेछु,**
**र तिमीलाई आशिष् दिनेछु। म तिम्रो नाउँ प्रसिद्ध गराउनेछु,र तिमी आशिष्को मूल हुनेछौ। ३ तिमीलाई आशिष् दिनेहरूलाई म आशिष् दिनेछु, र तिमीलाई सराप दिनेहरूलाई म सराप दिनेछु। तिमीद्वारा नै पृथ्वीका सबै कुलले**

आशिष् पाउनेछन्।" यही सन्दर्भमा हिब्रू ११:८-११मा पनि यसरी लेखिएको छ " ८ विश्वासद्वारा अब्राहामले आज्ञापालन गरे, र जाऊ भनेको ठाउँतिर गए, जुन ठाउँ उत्तराधिकारको रूपमा उनले पछि पाउनेथिए, यद्यपि उनी कतातिर गइरहेका थिए, त्यो उनलाई थाहा थिएन। ९ विश्वासैद्वारा उनी एक परदेशीझैं प्रतिज्ञाको देशमा इसहाक र याकूबजस्तै तम्बूहरूमा बसोबास गरे। उनीहरू अब्राहामसँगसँगै उही प्रतिज्ञाका हकदार थिए। १० किनकि उनले एउटा जग भएको सहरको प्रतीक्षा गर्थे, जसलाई बनाउने र निर्माण गर्ने परमेश्वर नै हुनुहुन्छ।"

आफ्नो विगतको जीवनलाई पछाडि राखेर अघि बढ भनेर परमेश्वरले अब्राहमालाई अऱ्हाउनुभएको थियो। परमेश्वरप्रति आस्थावान रहेर उहाँले भनेको जस्तै विश्वास गरेर कदम चाल्नु त्यति सहज थिएन। तर उनले त्यसै गरेको हुनाले उनको कारणले सारा राष्ट्रहरू आशिषित हुनपुग्ने अवसर पाएका थिए।

अब्राहमलाई जस्तै परमेश्वरले हामीलाई स्पष्ट आवाजमा नबोल्नुहोला तर हामी सबैले अब्राहमलाई जस्तो कुनै न कुनै प्रकारले जाँचमा परेका छौं। उहाँले सिकाउनुभएको उहाँको वचनद्वारा र उहाँको अगुवाईको अनुभवद्वारा उहाँले हामीलाई बोलाउनुभएको हो भनेर आभास् पाउँछौं। धनसम्पत्ति र सम्मान पाउने हामीहरूको पेशाबाट अलग हुनु पर्नेपनि हुन्छ। हामीहरू परिचित साथीहरू र परिववारबाट अलग हुनुपर्ने पनि हुन सक्छ। हामीले त्याग, परिश्रम, कष्ट र आफ्नो भाऊलाई त्याग्नुपर्ने पथमा हिँड्नु पर्ने पनि हुनसक्छ। तर यदि परमेश्वरले बोलाउनुभएको छ भने हामीले कसरी अश्वीकार गर्ने?

हिब्रूभाषामा उत्पत्तिको पुस्तकमा अब्राहमको बोलावतको बारेमा यसरी लेखिएको छ "र परमेश्वरले अब्रामलाई भन्नुभयो "तिम्रो निम्ति तिम्रो पूर्खाको भुमीबाट निस्केर जाऊ..." उनको निम्ति नै छोड्नु भनेर उनलाई भनिएको थियो। त्यसको अर्थ उनैको हितको निम्ति पूर्खाको देश छोड्नुपर्ने रे! तपाईंको जीवनमा त्यसको अर्थ के हो? के तपाईंकै निम्ति केही यस्ता बस्तुहरू छन् जुन् तपाईंले छोड्न परमेश्वरले अऱ्हाउनुभएको छ?"

## २. राजाहरूसामु अब्राहमको गवाही (उत्पत्ति १४:८-२४)

अब्राहमसँग उनको भतिजा लोत पनि गएका थिए। तर उनी अब्राहमसँग पूरै यात्रा गरेन। जब उनले हरियोपरियो आवादी यर्दन उपत्यका देखे तब त्यहाँ जान उनले मन पराए जसको फलस्वरुप उनी दुष्ट मानिसहरूको सङ्गतमा परे। उनी सोडोम भन्ने भ्रष्ट र चरित्रहीन शहरमा बसोबास गरे (उत्पत्ति १३:१-१३)। एक फेरा लोतलाई युद्धबन्दी बनाएर लगेको बेलामा अब्राहमले उनलाई उद्धार गर्नुपरेको थियो (उत्पत्ति १४:१-१६) र पछि सोडोमलाई आगोबाट नष्ट गर्नुभन्दा अघि उनलाई स्वर्गदूतहरूले भगाउन सहयोग गरेका थिए (उत्पत्ति १९)।

जब आफन्त लोत समस्यामा परेको छ भनेर अब्राहमले सुने तब उनले उनलाई सहयोग गर्न निर्णय गरे। आफ्ना घरपरिवारसहित तिनसयजना भन्दा बेसी लडाकुहरू खडा गरेर अब्राहमले लुटलाई उद्धार गर्न गए। सदोमममा भएको युद्धमा धेरै राजाहरू संलघ्न भएका थिए। ती युद्धमा अब्राहम विजयी भएका थिए।

**युद्धबाट फर्केर आएपछि अब्राहमले के गरे जसले गर्दा उनले आफ्नो विश्वासको चरित्रलाई देखाएका थिए र साथै परमेश्वरमाथि उनको आस्था कस्तो थियो भनेर पनि प्रकट गरेका थिए? हेर्नुहोस्: उत्पत्ति १४:८-२४ " तब सदोम, गमोरा, अदमा, सबोयीम र बेलाका (अर्थात् सोअरका) राजाहरू निस्केर सिद्दीमको बेंसीमा उनीहरूसित युद्ध गर्नलाई मोर्चा बाँधेर जम्मा भए। ९ एलामका राजा कदोर्लाओमेर, गोयीमका राजा तिदाल, शिनारका राजा अम्रापेल, एल्लासारका राजा अर्योकसित, यी पाँच राजाहरूका विरुद्धमा चार राजाहरू। १० सिद्दीमको बेंसीचाहिँ अलकत्राको धापले भरिएको थियो। र सदोम र गमोराका राजाहरू भाग्दाभाग्दै तिनीहरूका कोही मानिसहरू त्यहीँ जाकिए। बाँकी मानिसहरूचाहिँ पहाड़तिर भागे। ११ ती चार राजाहरूले सदोम र गमोराका जम्मै मालसामान र खानेकुरा लिएर आफ्नो बाटो लागे। १२ उनीहरूले सदोममा बसेका अब्रामका भतिजा लोतलाई पनि तिनका सबै मालसामानसमेत लिएर गए। १३ उम्केर भागेको एक जनाले आएर हिब्रू अब्रामलाई यो कुरा बताइदियो। तिनी एश्कोल र आनेरको भाइ एमोरीको मम्रेका फलाँटका रूखहरूनेर बसेका थिए। तिनीहरू अब्रामसित**

मित्रभावमा थिए। १४ अब्रामले आफ्ना नातेदारलाई कैद गरेर लगेको कुरा सुनेर आफ्नो घरमा जन्मेर तालीम पाएका तीन सय अठाह्र दासहरूलाई साथमा लिएर उनीहरूलाई दानसम्मै खेदेर गए। १५ तिनले शत्रुहरूमाथि आक्रमण गर्न राती आफ्ना दासहरूका बीचमा दल-दल बनाए र उनीहरूलाई परास्त गरे, र दमस्कसको उत्तरतर्फको होबासम्मै उनीहरूलाई खेदे। १६ तिनले सबै मालसामान र तिनका नातेदार लोतलाई र तिनका धन-सम्पत्ति, स्त्रीहरू र मानिसहरूलाई समेत फर्काएर ल्याए। १७ कदोर्लाओमेर र तिनका मित्र राजाहरूलाई जितेर फर्कंदा शावेको उपत्यका, अर्थात् राजाको उपत्यकामा सदोमका राजा तिनलाई भेट गर्न आए। १८ अनि शालेमका राजा मल्कीसेदेक रोटी र दाखमद्य लिएर अब्रामकहाँ आए। उनी सर्वोच्च परमेश्वरका पूजाहारी थिए। १९ उनले अब्रामलाई यसो भनेर आशीर्वाद दिए, "स्वर्ग र पृथ्वी सृष्टि गर्नुहुने सर्वोच्च परमेश्वरबाट अब्रामलाई आशिष् मिलोस्। २० सर्वोच्च परमेश्वर धन्यका होऊन्, जसले तिम्रा शत्रुहरूलाई तिम्रा हातमा सुम्पिदिनुभयो।" अनि अब्रामले उनलाई सबै कुराको दशांश दिए। २१ तब सदोमका राजाले अब्रामलाई भने, "मलाई मानिसहरू मात्र देऊ, तर धनमालचाहिँ तिमी नै राख्नू।" २२ तर अब्रामले सदोमका राजालाई भने, "स्वर्ग र पृथ्वीका परमप्रभु, सर्वोच्च परमेश्वरमा मैले यसरी किरिया हालेको छु, २३ कि एउटा धागो अथवा जुत्ताको फित्ता वा तपाईंको कुनै पनि थोक म लिनेछैनँ। नत्रता 'मैले अब्रामलाई धनी तुल्याएँ' भनेर तपाईं भन्नुहुनेछ। २४ मसँग हुने मानिसहरूले जति खाएका र तिनीहरूका भागबाहेक म केही हिस्सा लिनेछैनँ। आनेर, एश्कोल र मम्रेले चाहिँ आफ्ना भागहरू लिऊन्।"

आफूले जितेका राजाहरूको सामु परमेश्वरको शक्तिको प्रदर्शन अब्राहमले गरेका थिए। आफ्नो उद्धार कार्यमा पनि "विश्वासका पिता" अब्राहमले राष्ट्रहरूको निम्ति आशिष बन्न परमेश्वरले बोलाउनुभएको जिम्मेवारबाट उनी पछि हटेनन्।

"आफू रहेको देशमा अब्राहमले ठूलो सेवा गरेका थिए। आफू सम्माननीय र साहसको लौह पुरूष हुँ भनेर अब्राहमले आफूलाई प्रमाणित गरेर देखाएका थिए। परमेश्वरप्रति भक्ति जीवन वा धर्मी जीवन बितायो भन्दैमा डरछेरुवाको जीवन बिताउने होइन भनेर

अब्राहमले अबिश्वासीहरूको सामु देखाएका थिए। बरू दु:खकष्ट पाएकाहरूको हकहित र सुरक्षा गर्न आफ्नो धर्मले उनलाई साहसी बनाएको छ भनेर अब्राहमले देखाएदिएका थिए। अब्राहमको बहादुरीले गर्दा त्यहाँ रहेका वरिपरिका जातिहरूमा उनको प्रभाव ठूलो परेको थियो। उनको साहसको प्रशंसा गर्दै विजयी अब्राहमलाई सम्मान गर्न सोडोमको राजा र आफ्ना भारदारहरूसहित आएका थिए। शत्रु राजाहरूबाट उद्धार गरेका सबै धनमालहरू अब्राहमलाई नै लिन अनुरोध गरे तर केवल युद्धवन्दीहरूलाई मात्र फर्काउन उनले प्रस्ताव गरे। युद्धको नियममा बिजेताले आफूले जितेका सामानहरू राख्ने चलन थियो। तर धनी हुन अब्राहम लडाइँ गर्न गएका थिएनन्। तर हारेकाहरूको फाइदा लिन अब्राहमले अश्वीकार गरे। तर आफ्नो समर्थकहरूले मात्र पाउनुपर्ने लुटको धन पाओस् भनेर उनले प्रस्ताव राखे।"-एलेन जी ह्वाइट, पाट्रियार्क एण्ड प्रोफेटस्, पृ. १३५बाट रूपान्तरित।

**तपाईँ इसाई अर्थात येशूको उपासक हुनुहुन्छ भनेर देखाउनुहुन्छ तर अरूसँगको कारोबारमा तपाईँले कसरी सो दावी देखाउनुभएको छ सोच्नुहोस्। तपाईँ येशूको विश्वासी हुनुहुन्छ भनेर तपाईँको विश्वासको गवाही अरूले कसरी हेरिरहेका छन्?**

## ३. विश्वास अर्थात् आस्थाको उत्कृष्ट, सिद्ध र आदर्श नमुना (हिब्रू ११:८,९)

अब्राहम सिद्ध मानिस थिएन। उनले भुलहरू गरेका थिए। तर उनी परमेश्वरको मानिस थियो। दुवै पुरानो र नयाँ करारमा अब्राहमलाई परमेश्वरमाथिको आस्था राख्ने लौह पुरुष र अनुकरणीय उदाहरणको रूपमा लिइन्छ। उनकै जीवनबाट विश्वासद्वारा मुक्ति पाउनु भनेको के हो प्रमाणित गरेर देखाएको उल्लेख गरिएको छ (उत्पत्ति १५:६, गलाती ३:६)।

**देहायका पदहरूले अब्राहम र उनको विश्वासको बारेमा चर्चा गरिएको छ। यदि तपाईँ परमेश्वरको निम्ति सु:सन्देश बोक्ने व्यक्ति हुन चाहनुहुन्छ भने अब्राहमको जीवनबाट तपाईँले के सिक्नुपर्छ हेर्नुहोस्: हिब्रू ११:८-१९ "विश्वासद्वारा अब्राहामले आज्ञापालन गरे, र जाऊ भनेको**

ठाउँतिर गए, जुन ठाउँ उत्तराधिकारको रूपमा उनले पछि पाउनेथिए, यद्यपि उनी कतातिर गइरहेका थिए, त्यो उनलाई थाहा थिएन। ९ विश्वासैद्वारा उनी एक परदेशीझैं प्रतिज्ञाको देशमा इसहाक र याकूबजस्तै तम्बूहरूमा बसोबास गरे। उनीहरू अब्राहामसँगसँगै उही प्रतिज्ञाका हकदार थिए। १० किनकि उनले एउटा जग भएको सहरको प्रतीक्षा गर्थे, जसलाई बनाउने र निर्माण गर्ने परमेश्वर नै हुनुहुन्छ। ११ विश्वासैद्वारा साराले पनि आफ्नो उमेर ढल्किसकेपछि गर्भधारण गर्ने शक्ति प्राप्त गरिन्। किनभने प्रतिज्ञा गर्नुहुनेलाई तिनले विश्वासयोग्य ठानेकी थिइन्। १२ यसैकारण मरेतुल्य शरीर भइसकेको एउटै मानिसबाट आकाशका तारा जत्तिकै असंख्य र समुद्रका किनारका अनगिन्ती बालुवाका कण जत्तिकै सन्तान उत्पन्न भए। १३ प्रतिज्ञा गरिएको कुरा प्राप्त नगरी यिनीहरू सबै विश्वासैमा मरे, तर टाढ़ैबाट त्यसलाई देखेर स्वागत गरी तिनीहरूले मानिलिए, कि तिनीहरू यस पृथ्वीमा परदेशी र प्रवासी थिए। १४ यस्ता कुरा भन्ने मानिसहरूले आफ्नो निम्ति एउटा देश खोजिरहेका छन् भन्ने कुरा प्रष्ट हुन्छ। १५ जुन देशबाट तिनीहरू निस्केर गएका थिए, यदि तिनीहरूले त्यही देशको विषयमा सोचेका भए तिनीहरूलाई फर्किजाने मौका मिल्ने थियो। १६ तर तिनीहरू अझ उत्तम देश, अर्थात् एक स्वर्गीय देशको इच्छा गर्छन्। यसैकारण परमेश्वर तिनीहरूका परमेश्वर भनी पुकारिनु शर्माउनुहुन्न, किनभने उहाँले तिनीहरूका निम्ति एउटा सहर तयार पारिदिनुभएको छ। १७ विश्वासद्वारा आफ्नो परीक्षा हुँदा अब्राहामले इसहाकलाई बलि चढ़ाए। उनले प्रतिज्ञाहरू पाएका थिए, तापनि आफ्नो एउटै छोराको बलि चढ़ाउन उनी तयार भए। १८ यिनकै विषयमा यसो भनिएको थियो, "इसहाकद्वारा नै तिम्रो सन्तानको नाउँ रहनेछ।" १९ परमेश्वरले मानिसहरूलाई मरेकोबाट पनि फेरि जीवित पार्न सक्नुहुन्छ भन्ने कुरा अब्राहामले सोचे, र भनौं भने, उनले इसहाकलाई फिर्ता पाए।"

अब्राहमलाई परमेश्वरले प्रयोग गर्न चाहनुभएको थियो। तर परमेश्वरले उनलाई प्रयोग गर्नुभन्दा पहिले उनको बिगत जीवनलाई छोड्नुपर्थ्यो। उनबाट सिक्नुपर्ने पाठ हाम्रो निम्ति स्पष्ट छ। हामीहरूको सबै बिगतको जीवन पछाडि छोडेको परमेश्वर चाहनुहुन्छ, विशेष गरेर

त्यो जीवन हो जुन् परमेश्वरको इच्छा र व्यवस्था अर्थात् नीतिसम्मत छैन।

जब अब्राहमले आफू हुर्केको बाबुको घर छोड तब उनी कहाँ गइरहेको थियो सो उनलाई थाहा थिएन (हिब्रू ११:८)। परमेश्वरको निम्ति खटिएका प्रायजसो प्रचारकहरू वा मिसिनेरीहरूलाई थाहा हुन्छ आफू कहाँ गइरहेका छन्। तर हामीमध्ये कुनै पनि विश्वासमा ठूलो खाल्डो नाघ्छौं वा हाम फाल्छौं वा हामीहरूको सम्पूर्ण हृदय परमेश्वरलाई सुम्पेर चल्छौं तब हामीलाई साँच्चिकै थाहा हुँदैन कि हामी कहाँ गएर अन्त हुन्छौं। तर जे भएतापनि हामीसँग स्वर्गिय इनामको प्रतिज्ञा छ। त्यसकारण दैनिक जीवनमा के गर्ने, के गर्नुपर्ने रहेछ, के भएछ आदिलाई परमेश्वरमा नै सुम्पेर चल्नु भनेकै वास्तविक विश्वासद्वारा जिउनु हो।

अर्को महत्त्वपूर्ण कुरो त यो छ कि अब्राहमले त्यस शहरको निम्ति पर्खिरहेका थिए जसको निर्माणकर्ता परमेश्वर हुनुहुन्छ र त्यसमा को रहने भनेर उहाँले नै योजना बनाइरहनुभएको छ (हिब्रू ११:१० रूपान्तरित)। अब्राहम यस पृथ्वीको सानो देशमा घुमफिर गरेतापनि उनको दिमागमा ठूलो देशको चित्र कोरिएको थियो। यस संसारमा जे सामना गर्नुपरेतापनि, जे काम गर्नुपरेतापनि र जे संघर्ष गर्नुपरेतापनि अन्तमा पाइने इनामको निम्ति तिनीहरू केही पनि होइन भनेर अब्राहमलाई थाहा थियो।

आफू बाहिरको, अपरिचित र यात्रीहरूमा एक हुँ भन्ने आभास् अब्राहमलाई थियो (हिब्रू ११:१३)। यस संसारमा हामी क्षणिक जिउँछौं त्यो जतिसुकै गरिमामय वा उल्लेखनीय भएतापनि यसले सम्पूर्ण जीवनको कथा भन्दैन। अर्थात् हामी केवल क्षणिकको (चाहे एक दिनको होस् वा १०० वर्षको निम्ति होस्) निम्तिमात्र यस संसारमा जन्मिएका होइनौं।

परमेश्वरको निम्ति आफ्नो पुत्रलाई मोरियाहको पहाडमा उहाँको आदेश अनुसार त्याग गर्न सुर गरेको अब्राहमको उत्कष्ट कथा जस्तो विश्वासको महान् आदर्श नमुना अरू के होला?

विश्वाससाथ अघि चल्नु भनेको तपाईंले कसरी अनुभव गर्नुभएको छ? तपाईंले के के कठिनाइहरूको सामना गर्नुभएको छ? तर तपाईंले के आनन्दको अनुभव गर्नुभएको छ? तपाईंले त्यो कुरा थाहा पाएर के फरक नीति अपनाउने थियो होला?

## ४. अब्राहम, यस संसारमा यात्री (उत्पत्ति १२:६,७)

अब्राहमको विश्वासको यात्रामा परमेश्वरको शक्तिसँग विश्वास र शङ्काको संघर्ष समावेश भएको पाइन्छ। अब्राहम मूर्तीपुजकहरूको घरानामा जन्मेका थिए (यहोशू २४:२)। अब्राहमकै पृष्ठभूमीलाई हेर्दा अदृष्य परमेश्वरको शक्तिसँग सधैं पूरा विश्वास नै गरेर चलेको नदेखिइएको पाइएको छ। दुई पल्ट डरछेरुवा भएर साराको बारेमा आदिमात्र सत्य कुरा बोलेका थिए (उत्पत्ति १२:११-१३, उत्पत्ति २०:२ सारा झडकेली बहिनी भएतापनि त्यसबेलाको चलन अनुसार अब्राहमले विवाह गरेका थिए। राजाहरूको सामु आफ्नै जिउ बचाउन सारालाई आफ्नी बहिनीमात्र भनेका थिए। उनीलाई पत्नी भनियो भने उनको खातिर अब्राहमलाई मारिन्छ भन्ने उनको डर थियो)। उमेरमा असाध्ये पाको भएकी साराबाट छोरो पाउँछ भन्दा उनले हाँसो उठाएका थिए (उत्पत्ति १७:१७)। हो, अब्राहममा कमी कमजोरीहरू थिए तैपनि उनलाई परमेश्वरले चलाउनुभएको थियो किनभने उहाँको खतनमा रहन उनले चाहेका थिए। त्यसैकारण अब्राहमको असली चरित्र बिकास गर्न परमेश्वरलाई सजिलो भएको थियो।

यात्री जीवन बिताउन दिएर परमेश्वरले अब्राहमलाई सुसमाचार प्रचारक वा मिसिनेरी र सामाजिक सुधारकको रूपमा कार्यरत हुन तालिम दिनुभएको थियो। देशविदेश यात्रा गर्नु आफै पनि शिक्षाको उपार्जन गर्नु हो। यसले मानिसहरूको दिमागलाई खुला गराउँछ र नयाँ सोचबिचार र परिवर्तनको निम्ति ढोका खुलाउँछ। इस्रायली वा यहूदीहरूले यरुशलेममा तिर्थयात्रा गर्नु यहूदी धर्मको उल्लेखनीय भाग थियो। पवित्र शहर यरुशलेममा तिर्थयात्रा गर्दा तिनीहरूले धेरै अनुभव गर्नुपर्थ्यो। जस्तैः लामो बाटोको हिँडाइ, जहाँ पायो त्यहीं सुत्नुपर्ने, बाटोमा जाँदा उपलब्धभएका विभिन्न खानेकुराहरू खानुपर्ने, बिभिन्न मौसमहरूको सामना गर्नुपर्ने र अरू विश्वासीहरूसँग भेट्दा विश्वासको

बारेमा कुरा गर्दा आफ्नै विश्वास बलियो गरिने आदि। यरुशलेममा गएपछि चिन्ने नचिन्ने सबैसँग मिलेर परमेश्वरको आराधना गर्नुपर्थ्यो, मन्दिरमा बलि चढाउनुपर्थ्यो, पवित्र नाचगान गर्नुपर्थ्यो, भजनहरू गाउनुपर्थ्यो आदि। ती सबै क्रियाकलापले मानिसहरूलाई परमेश्वरसँग फेरि सम्बन्ध गाँस्न सहायता गर्थ्यो।

ऊर अर्थात् आधुनिक इराक जहाँ अब्राहमको जन्म भएको थियो त्यहाँदेखि आफूलाई गाडिएको हिब्रोन भन्ने ठाउँसम्म यात्रा गर्दा उनले कमसेकम १५ विभिन्न भौगोलिक क्षेत्रहरूमा यात्रा गरेका थिए। अब्राहमको जीवन परिवर्तन गर्न र सुसमाचार प्रचार गर्न परिपक्व हुने अवसर उनले यात्रा गर्दा नै हासिल गरेका थिए।

**देहायका स्थानहरूमा अब्राहम जानुपर्दा के के आत्मिक केही अनुभवहरू अब्राहमले गरे सो चिन्तन गर्नुहोस्ः शेकेमको मोरियाहमा, उत्पत्ति १२ः६-९ "अब्राम त्यस देशबाट भएर शकेममा भएको मोरेका फलाँटको रूख भएको ठाउँसम्म पुगे। त्यस बेला त्यस ठाउँमा कनानीहरू बस्थे। ७ परमप्रभु अब्रामकहाँ देखा पर्नुभयो, र तिनलाई भन्नुभयो, "म तिम्रा सन्तानलाई यो देश दिनेछु।" यसैले तिनीकहाँ देखा पर्नुभएको परमप्रभुको निम्ति तिनले त्यहाँ एउटा वेदी बनाए। ८ त्यहाँबाट तिनी हिँड़र बेथेलको पूर्वपट्टि भएको पहाड़मा सरे, र बेथेललाई पश्चिम र ऐ सहरलाई पूर्वपट्टि पारेर आफ्नो पाल टाँगे। तिनले परमप्रभुको निम्ति एउटा वेदी बनाएर परमप्रभुका नाउँको पुकारा गरे। ९ अनि अब्राम अझै यात्रा गर्दै नेगेव भनिने दक्षिण देशतिर गए।"**

हिब्रोन, उत्पत्ति १३ः१८-१४ः२० "तब अब्रामले आफ्ना पाल **सारे, र हेब्रोनमा भएका मम्रेका फलाँटका रूखहरूमा आए। त्यहाँ आएर तिनी त्यहीं बसोबास गर्न लागे। त्यहाँ परमप्रभुको निम्ति तिनले एउटा वेदी बनाए।...२ सदोमका राजा बेरा, गमोराका राजा बिर्शा, अदमाका राजा शिनाब, सबोयीमका राजा शेमेबेर र बेलाका (अर्थात् सोअरका) राजाका विरुद्धमा युद्ध गरे। ३ तिनीहरू सबै सिद्दीम, अर्थात् खारा समुद्रको बेंसीमा जम्मा भए। ४ बाह्र वर्षसम्म त तिनीहरू कदोर्लाओमेरको अधीनमा बसेका थिए। तर तेह्रौं वर्षमा तिनीहरूले विद्रोह गरे। ५ चौधौं वर्षमा कदोर्लाओमेर र उनका मित्र राजाहरू आएर अस्तेरोत-कर्णेममा रपाईहरूलाई, हाममा जूजीहरूलाई, शावेकिर्यातैममा**

एमीहरूलाई, ६ तथा होरीहरूलाई सेइरको पहाड़ी देशमा मरुभूमिनेर
भएको एल-पारानसम्म अधीन गराए। ७ त्यसपछि उनीहरू फर्केर एन-
मिशपातमा (अर्थात् कादेशमा)आएर अमालेकीहरूको जम्मै देशलाई र
हासेसोन-तामारमा बस्ने एमोरीहरूलाई पनि अधीन गराए। ८ तब सदोम,
गमोरा, अदमा, सबोयीम र बेलाका (अर्थात् सोअरका) राजाहरू निस्केर
सिद्दीमको बेंसीमा उनीहरूसित युद्ध गर्नलाई मोर्चा बाँधेर जम्मा भए। ९
एलामका राजा कदोर्लाओमेर, गोयीमका राजा तिदाल, शिनारका राजा
अम्रापेल, एल्लासारका राजा अर्योकसित, यी पाँच राजाहरूका विरुद्धमा चार
राजाहरू। १० सिद्दीमको बेंसीचाहिँ अलकत्राको धापले भरिएको थियो।
र सदोम र गमोराका राजाहरू भाग्दाभाग्दै तिनीहरूका कोही मानिसहरू
त्यहीँ जाकिए। बाँकी मानिसहरूचाहिँ पहाड़तिर भागे। ११ ती चार
राजाहरूले सदोम र गमोराका जम्मै मालसामान र खानेकुरा लिएर
आफ्नो बाटो लागे। १२ उनीहरूले सदोममा बसेका अब्रामका भतिजा
लोतलाई पनि तिनका सबै मालसामानसमेत लिएर गए। १३ उम्केर
भागेको एक जनाले आएर हिब्रू अब्रामलाई यो कुरा बताइदियो। तिनी
एश्कोल र आनेरको भाइ एमोरीको मम्रेका फलाँटका रूखहरूनेर बसेका
थिए। तिनीहरू अब्रामसित मित्रभावमा थिए। १४ अब्रामले आफ्ना
नातेदारलाई कैद गरेर लगेको कुरा सुनेर आफ्नो घरमा जन्मेर तालीम
पाएका तीन सय अठाह्र दासहरूलाई साथमा लिएर उनीहरूलाई दानसम्मै
खेदेर गए। १५ तिनले शत्रुहरूमाथि आक्रमण गर्न राती आफ्ना
दासहरूका बीचमा दल-दल बनाए र उनीहरूलाई परास्त गरे, र
दमस्कसको उत्तरतर्फको होबासम्मै उनीहरूलाई खेदे। १६ तिनले सबै
मालसामान र तिनका नातेदार लोतलाई र तिनका धन-सम्पत्ति, स्त्रीहरू र
मानिसहरूलाई समेत फर्काएर ल्याए। १७ कदोर्लाओमेर र तिनका मित्र
राजाहरूलाई जितेर फर्कंदा शावेको उपत्यका, अर्थात् राजाको उपत्यकामा
सदोमका राजा तिनलाई भेट गर्न आए।
१८ अनि शालेमका* राजा मल्कीसेदेक रोटी र दाखमद्य लिएर
अब्रामकहाँ आए। उनी सर्वोच्च परमेश्वरका पूजाहारी थिए। १९ उनले
अब्रामलाई यसो भनेर आशीर्वाद दिए, "स्वर्ग र पृथ्वी सृष्टि गर्नुहुने
सर्वोच्च परमेश्वरबाट अब्रामलाई आशिष् मिलोस्। २० सर्वोच्च परमेश्वर
धन्यका होऊन्,

जसले तिम्रा शत्रुहरूलाई तिम्रा हातमा सुम्पिदिनुभयो।" अनि अब्रामले उनलाई सबै कुराको दशांश दिए।"

मात्रे, उत्पत्ति १८:१, २०-३३ " दिउँसोको गर्मीमा मम्रेका फलाँटका रूखहरूनेरको आफ्नो पालको ढोकामा अब्राहाम बसिरहँदा परमप्रभु तिनीहरूकहाँ देखा पर्नुभयो। २ तिनले आफ्ना आँखा उठाएर हेरे, र आफ्नो सामु तीन जना मानिसहरू उभिरहेका देखे। उनीहरूलाई देखेर तिनी पालको ढोकाबाट भेट गर्नलाई कुदेर गए, र भूइँसम्म निहुरेर दण्डवत् गरे।...२० तब परमप्रभुले भन्नुभयो, "सदोम र गमोराको विरुद्धमा ठूलो आवाज उठेको छ, र तिनीहरूका पाप साह्रै ज्यादा भएका छन्। २१ अब त्यही आवाजअनुसार तिनीहरूबाट यो काम भएको हो कि होइन भनी हेर्नलाई म तल ओर्लेर जानेछु। होइन रहेछ भने मलाई थाहा हुनेछ।" २२ यसकारण ती पुरुषहरू त्यहाँबाट झरेर सदोमतिर गए। तर अब्राहामचाहिँ अझै परमप्रभुकै सामु उभिरहे। २३ तब अब्राहामले नजिक गएर उहाँलाई भने, "के दुष्टहरूसँग धर्मीहरूलाई पनि सर्वनाश गर्नुहुनेछ? २४ त्यस सहरमा पचास धर्मी जन रहेछन् भने, के त्यसमा भएका पचास धर्मी जनका निम्ति त्यस सहरलाई नजोगाएर नष्ट पार्नुहुनेछ र? २५ दुष्टका साथमा धर्मी जनलाई मार्ने काम तपाईंबाट कहिल्यै नहोस्। धर्मीको दशा पनि दुष्टको जस्तै हुनु त तपाईंबाट पर रहोस्। सारा पृथ्वीका न्यायकर्ताले उचित न्याय गर्नुहुन्न र? " २६ परमप्रभुले भन्नुभयो, "सदोम सहरभित्र पचास धर्मी जन पाएँ भने म तिनीहरूका खातिर जम्मैलाई छोड़िदिनेछु।" २७ अब्राहामले भने, "हेर्नुहोस्, म केवल माटो र खरानी मात्र भएर पनि परमप्रभुसँग कुरा गर्न आँट गरेको छु। २८ पाँच कम पचास जना धर्मी जन त्यहाँ रहेछन् भने, केवल पाँच मात्र घटी भएकामा सारा सहरै तपाईं नाश गर्नुहुनेछ? उहाँले भन्नुभयो, "त्यहाँ पैंतालीस पाएँ भने म त्यो नाश गर्नेछैनँ।" फेरि तिनले भने, "त्यहाँ चालीस रहेछन् भने? २९ उहाँले भन्नुभयो, "चालीस जनाका खातिर पनि म त्यसो गर्नेछैनँ।" ३० तब तिनले भने, "परमप्रभुलाई रिसानी नभए म अझै बोल्नेछु। यदि त्यहाँ तीस जना पाइए भने? उहाँले भन्नुभयो, "त्यहाँ तीसै पाएँ भने पनि म त्यसो गर्नेछैनँ।" ३१ तिनले भने, "हेर्नुहोस्, परमप्रभुसँग मैले कुरा गर्ने आँट गरिरहेछु। बीस जना पाइए भने?उहाँले भन्नुभयो, "बीस जनाका खातिर पनि म नाश गर्नेछैनँ।"३२

अनि तिनले भने, "परमप्रभुलाई रिसानी नहोस्। अब एक पल्ट मात्र
बोल्नेछु। यदि त्यहाँ दश जना पाइए भने?उहाँले भन्नुभयो, "दश जनाका
खातिरमा पनि म त्यो नाश गर्नेछैनँ।" ३३ अब्राहामसित कुरा
गरिसक्नुभएपछि परमप्रभु गइहाल्नुभयो, र अब्राहामचाहिँ आफ्नो ठाउँमा
फर्के।"

मोरिहको पहाडमा, उत्पत्ति २२:१-१४ " १ केही समयपछि
परमेश्वरले अब्राहामको ठूलो जाँच गर्नुभयो, र तिनलाई भन्नुभयो, 1 केही
समयपछि परमेश्वरले अब्राहामको ठूलो जाँच गर्नुभयो, र तिनलाई
भन्नुभयो, "हे अब्राहाम।" तिनले भने, "म यहीँ छु।" 2 उहाँले भन्नुभयो,
"तिम्रो छोरो, अर्थात् तिमीले माया गरेको तिम्रो एउटै छोरो इसहाकलाई
लिएर मोरीयाहको देशमा गई मैले तँलाई देखाएको डाँड़ामा त्यसलाई
होमबलि गर्।"

3 अब्राहाम बिहानै उठेर गधामा काठी कसे, र आफ्ना
कमाराहरूमध्येका दुई जना र छोरो इसहाकलाई साथमा लिए, र
होमबलिको निम्ति दाउरा चिरेर परमेश्वरले तिनलाई भन्नुभएको त्यस
ठाउँमा हिँड़े। 4 तेस्रो दिन अब्राहामले हेर्दा टाढ़ामा त्यो ठाउँ देखे। 5
तब अब्राहामले आफ्ना कमाराहरूलाई भने, "तिमीहरू यहीँ गधासँग बस।
म र यो केटो ऊ परसम्म गएर पूजा गरी तिमीहरूकहाँ फर्केर
आउनेछौं।" 6 अब्राहामले होमबलिको दाउरा उठाएर आफ्नो छोरो
इसहाकलाई बोकाए, र आगो र छुरी आफ्नो हातमा लिए। यसरी ती दुवै
जना सँगसँगै गए। 7 इसहाकले आफ्ना पिता अब्राहामलाई भने, "बुबा।"
तिनले भने, "के हो, छोरा? "त्यसले भन्यो, "यी आगो र दाउरा त छन्, तर
होमबलिको थुमाचाहिँ खोइ? " 8 अब्राहामले भने, "छोरा, परमेश्वरले नै
होमबलिको निम्ति थुमा जुटाइदिनुहुनेछ।" अनि ती दुवै सँगसँगै गए। 9
परमेश्वरले तिनलाई भन्नुभएको ठाउँमा पुगेपछि अब्राहामले त्यहाँ एउटा
वेदी बनाएर दाउरा तह लाएर राखे। त्यसपछि तिनले आफ्नो छोरो
इसहाकलाई बाँधेर वेदीमा दाउरामाथि राखे। 10 तब अब्राहामले आफ्नो
छोरालाई बलि गर्न छुरी उठाए। 11 तर परमप्रभुका एउटा दूतले
स्वर्गबाट तिनलाई हपारेर भने, "ए अब्राहाम, अब्राहाम! " तिनले भने, "म
यहीँ छु।" 12 उनले भने, "तिम्रो हात त्यस केटामाथि नउठा, र त्यसलाई
केही नगर्। अब मैले थाहा पाएँ तिमी परमेश्वरसँग डराउँदोरहेछौ,

**किनकि तिम्रो छोरो, तिम्रो एकमात्र छोरालाई पनि मबाट तिमीले रोकेर राखिनौ।" 13 अब्राहामले माथितिर हेरे र एउटा भेड़ा झाड़ीमा सीङ अल्झेर फसेको देखे। अब्राहामले गएर त्यस भेड़ालाई ल्याए, र तिनका छोराको सट्टामा त्यसैलाई होमबलि गरे। 14 यसकारण अब्राहामले त्यस ठाउँको नाउँ "परमप्रभुले जुटाउनुहुन्छ" राखे। "परमप्रभुको डाँड़ामा जुटाइनेछ" भनी आजपर्यन्त भनिन्छ।"**

## ५. अब्राहमः आफ्नै घरमा मिसिनेरी अर्थात् सुसमाचार प्रचारक (उत्पत्ति १८:१८,१९)

**उत्पत्ति १८:१८,१९मा परमेश्वरप्रति निष्ठावान भएर उहाँको सेवा गर्ने पाठ हामीलाई कसरी सिकाइएको छ? हेर्नुहोस्ः "१८ अब्राहामबाट एउटा ठूलो र शक्तिशाली जाति बन्नेछ, र त्यसद्वारा नै पृथ्वीका सबै जातिहरूले आशिष् पाउनेछन् १९ किनभने त्यसले आफ्ना छोराछोरीहरू र घरानालाई धर्म र न्याय गरेर परमप्रभुको मार्ग पालन गर्नलाई आज्ञा दिओस् भनेर मैले त्यसलाई छानेको छु। यसैले नै परमप्रभुले अब्राहामसित गर्नुभएको प्रतिज्ञा पूरा गरिदिनुहुनेछ।"**

"परमेश्वरको वचनको शिक्षक बन्न उहाँले अब्राहमलाई बोलाउनुभएको थियो। परमेश्वरले उनलाई महान् राष्ट्रको पिता बन्न रोज्नुभएको थियो किनभने उनले आफ्ना घरमा रहनेहरूलाई र सन्तानलाई परमेश्वरको नीति अर्थात् व्यवस्थाहरू सिकाउन शिपालु हुन्छ भनेर उहाँले देख्नुभएको थियो। उनको आफ्नै जीवन आचरणले उनले सिकाउने शिक्षादिक्षामा प्रभावकारीता दिएको थियो। अब्राहमको सम्पूर्ण घरपरिवारमा एक हजार जनाभन्दा बेसी थियो। धेरै जसो विभिन्न परिवारका मूलीहरू थिए। तिनीहरू पनि परमेश्वरलाई पहिला विश्वास नगर्ने घरानाहरूबाट आएका थिए र पछि अब्राहमको प्रभावले तिनीहरूले परमेश्वरलाई विश्वास गर्न पुगेका थिए।"-एलेन जी ह्वाइट, *एडुकेशन,* पृ. १८७बाट रुपान्तरित। जब परिवारले परमेश्वरको योजना बफादारीपूर्क पछ्याइयो भने सुसमाचार तथा परमेश्वरको निम्ति सेवाकार्य गर्ने काममा बढि सफलता हासिल गर्न सक्छ। बाइबलको इतिहास र चर्चको इतिहासले यो बताउँछ कि प्रारम्भिक चर्चहरू प्रायजसो घर र परिवारमा आधारित थिए। उनलाई चुनिएको धेरै

कारणहरूमध्ये एउटाचाहिँ परमेश्वरको मार्गमा आफ्ना सन्तान र घरपरिवारलाई डोऱ्याउने क्षमता अब्राहममा थियो। बाहरी क्षेत्रमा परमेश्वरको सन्देशवाहक भएर काम गर्नु र घरमा पनि आफ्नो आचरणद्वारा परमेश्वरको निम्ति काम गर्नु बराबरी हुन् भन्ने लक्ष्य परमेश्वरले देखाउन चाहनुहुन्छ। हामीप्रति परमेश्वरको मूल लक्ष्य यही हो कि जे ठीक, उचित र न्यायी छ त्यही गर्नु (हितोपदेश २१:३)।

**अब्राहमको परिवार परमेश्वरप्रति निष्ठावान थिए भन्ने उदाहरणहरू तपाईंले के के पाउनुभएको छ? उदाहरणमा हिब्रू ११:११,२० पढ्नुहोस्ः "विश्वासैद्वारा साराले पनि आफ्नो उमेर ढल्किसकेपछि गर्भधारण गर्ने शक्ति प्राप्त गरिन्। किनभने प्रतिज्ञा गर्नुहुनेलाई तिनले विश्वासयोग्य ठानेकी थिइन्।...२० विश्वासद्वारा इसहाकले याकूब र एसावलाई तिनीहरूका भविष्यको बारेमा आशीर्वाद दिए।"**

हुनत बाइबलमा परमेश्वरका यस्ता धर्मी जनहरू पनि थिए जसको परिवारले परमेश्वरको मार्गमा हिँडेका थिएनन्। तर माथिका पदहरूले अब्राहमको बारेमा गरिएको चर्च स्पष्ट छः अब्राहमको विश्वास र उनको अनुकरणीय उदाहरण बलियो भएको कारणले उनको घरपरिवारले पनि परमेश्वरको मार्गमा हिँड्न सिकेको थियो (उत्पत्ति १८:१९)।

**"परमेश्वरको मार्गमा हिँड्नु" भनेको तपाईंको निम्ति के हो? परमेश्वरको मार्गलाई हामी कसरी चालु राख्ने?**

## उपसंहार

**थप जानकारीः** "परमेश्वरले अब्राहमलाई बोलाउनुभयो र उनलाई सफलता दिनुभयो र सम्मान गर्नुभयो। परमेश्वरप्रति आस्थावान र निष्ठावान हुँदा उनी जुन जुन देशमा यात्रा गरे ती ती देशहरूमा उनी बत्ती जस्तो भएका थिए। आफ्ना वरिपरि रहेका मानिसहरूबाट उनी पन्छिएर बसेनन्। आफ्ना वरिपरिरहेका राष्ट्रहरूका राजाहरूसँग उनले साथी बनाए। तिनीहरूमध्ये कतिपयले उनलाई ठूलो सम्मानसाथ व्यवहार गर्थे। अब्राहमको इमान्दारिता र निश्वार्थता, उनको बहादुरिता र दयालु स्वभावले परमेश्वरको चरित्रलाई उनले झल्काएको थियो। मेसोपोटामिया, कनान, इजिप्त अर्थात् मिश्र र सदोमका मानिसहरूलाई

समेत उनी स्वर्गका परमपिता परमेश्वरका प्रतिनिधि थिए भनेर उनले देखाएका थिए।"-एलेन जी ह्वाइट, पाट्रियार्क एण्ड प्रोफेटस्, पृ. ३५८बाट रूपान्तरित।

**चिन्तनमनन:**

अ. हजारौं वर्षसम्म मोरियाहको पहाडमा अब्राहम र इसाहकले देखाएको विश्वासको परिक्षाले सनसनी मचाइरहेको पाउँछौं र परमेश्वरलाई विश्वास गर्छु भन्नेलाई चुनौती भएर देखाइरहेको छ। तर कतिपयको निम्ति यो निष्ठुरताको पराकाष्ठा पनि भएको छ। उत्पत्ति २२ फेरि पढ्नुहोस्। यसबाट के महान् पाठ हामीले सिक्न सक्छौं? क्रुस र पापको नतिजाको बारेमा त्यसले के सिकाउँछ? विश्वासमा हाम फाल्नु भनेको त्यस कथाले कसरी देखाउँदछ? तर कतिपयको निम्ति त्यस कथा किन अचाक्ली भएको पाइन्छ?

आ. अब्राहम परमेश्वरको जन भएतापनि बेला बेलामा परमेश्वरप्रति विश्वासमा कमजोर भएको देखाइएको छ। देहायका कथाबाट हामीले के सिक्न सक्छौं? उत्पत्ति १२:११- "१०-२० "अनि त्यस देशमा (मिश्र) अनिकाल पर्‍यो। अनिकाल तीव्र भएको हुनाले अब्राम मिश्रदेशमा प्रवास गर्नलाई गए। ११ तिनी मिश्रमा पस्नै लाग्दा तिनले आफ्नी पत्नी साराईलाई भने, "हेर, तिमी हेर्नमा सुन्दरी छ्यौ भन्ने मलाई थाहा छ। १२ जब मिश्रीहरूले तिमीलाई देख्छन्, "यो त त्यसकी पत्नी रहिछ" भन्नेछन्। र मलाई मारेर तिमीलाई चाहिँ जीवित राख्नेछन्। १३ "म तिनकी बहिनी हुँ" भनी तिमीले भनिदेऊ, र तिम्रो कारण मलाई भलो हुनेछ, र तिम्रै कारण मेरो ज्यान जोगिनेछ।" १४ जब अब्राम मिश्रमा पसे तब मिश्रीहरूले त्यस स्त्रीलाई अत्यन्त सुन्दरी रहिछन् भनी देखे। १५ अनि फारोका

अधिकारीहरूले तिनलाई देखेर फारोकहाँ तिनको तारीफ गरे, र तिनलाई फारोको महलमा लगे। १६ तिनको खातिर फारोले अब्रामसँग राम्रो व्यवहार गरे, र अब्रामलाई भेड़ा, गाईबस्तु, कमारा-कमारी, गधा र ऊँटहरू दिए। १७ तर परमप्रभुले अब्रामकी पत्नी साराईको कारणले फारो र उनको परिवारमाथि भयानक विपत्तिहरू पठाउनुभयो। १८ यसकारण फारोले अब्रामलाई बोलाएर भने, "यो तिमीले मलाई के गर्‍यौ? तिनी तिम्री पत्नी हुन् भनेर तिमीले मलाई किन भनेनौ? १९ "तिनी मेरी बहिनी हुन्, " भनेर तिमीले किन भन्यौ? यसैले मैले तिनलाई मेरी पत्नी तुल्याउन लगेको हुँ। अब हेर, तिम्री पत्नी यहीं छिन्। तिनलाई लिएर जाऊ।" २० अनि फारोले आफ्ना मानिसहरूलाई तिनको विषयमा हुकुम गरे, र तिनीहरूले अब्रामलाई तिनकी पत्नी र तिनीसँग भएका सबै थोकहरूसमेत पठाइदिए।" उत्पत्ति २०:१-१६, "१ त्यहाँबाट अब्राहाम नेगेवतिर गए, कादेश र शूरको बीचमा बस्न लागे। तिनी गरार देशमा बसोबास गरे। २ त्यहाँ अब्राहामले आफ्नी पत्नी साराको बारेमा भने, "तिनी त मेरी बहिनी हुन्।" तब गरारका राजा अबीमेलेकले सारालाई झिकाएर लगे। "३ तर राती सपनामा अबीमेलेककहाँ आएर परमेश्वरले भन्नुभयो, "हेर्, त्यस स्त्रीलाई झिकाएर ल्याएको हुनाले तिमी मरेको जस्तै छौ, किनभने त्यो अर्काकी पत्नी हो।" ४ अबीमेलेक अहिलेसम्म साराको नजिक गएका थिएनन्। यसकारण उनले भने, "हे परमप्रभु, के तपाईं निर्दोष जातिलाई मार्नुहुन्छ? ५ "तिनी मेरी बहिनी हुन्" भनी त्यस मानिस आफैले मलाई भनेको थिएन र? र त्यस स्त्रीले पनि "तिनी मेरा दाजु हुन्" भनी भनेकी थिइन र? मैले त यो काम आफ्नो शुद्ध विवेक र निर्दोष हातले नै गरेको हुँ।" ६ तब परमेश्वरले उनलाई सपनामा भन्नुभयो,

"हो, मलाई यो कुरो थाहा छ, कि तिम्रो शुद्ध विवेकले यो तिमीले गरेको हो। मेरो विरुद्धको पापबाट तिमीलाई जोगाउने पनि म नै हुँ। यसैले त मैले तिमीलाई त्यसलाई छुन दिइनँ। ७ अब त्यस मानिसकी पत्नी फर्काइदे, किनभने त्यो एक अगमवक्ता हो। त्यसले तिम्रो निम्ति प्रार्थना गरिदिनेछ, र तिमी बाँच्नेछौ। तर त्यसलाई फर्काइदिएनौ भने यो कुरो याद राख्, कि तिम्रो र तिमीसँग भएका सबै निश्चय नै मर्नेछन्।" ८ अबीमेलेक सबेरै उठेर आफ्ना सबै अधिकारीहरूलाई बोलाएर यी सबै कुरा बताइदिए। र ती मानिसहरू साह्रै डराए। ९ तब अबीमेलेकले अब्राहामलाई बोलाएर भने, "तपाईंले हामीलाई के गर्नुभयो? मैले तपाईंको के बिगार गरेको थिएँ, र तपाईंले म र मेरो राज्यमा यति ठूलो दोष ल्याउनुभयो? तपाईंले मसित गर्नु नहुने काम गर्नुभयो।" १० अबीमेलेकले फेरि अब्राहामलाई भने, "के सम्झेर तपाईंले मसित यस्तो काम गर्नुभयो? ११ अब्राहामले भने, "किनभने मैले त सोचेको थिएँ, यस ठाउँमा परमेश्वरको डर कसैलाई छैन, र मानिसहरूले मलाई मेरी पत्नीको कारण मार्नेछन्। १२ यो कुरो सत्य पनि हो कि तिनी मेरी बहिनी हुन्। तिनी मेरा पिताकी छोरी हुन्, तर मेरी आमाकी होइनन्। र तिनी मेरी पत्नी भइन्। १३ अनि जब परमेश्वरले मलाई आफ्ना पिताको घर छोड़ेर परदेशी भएर यताउता घुमिहिँड्ने तुल्याउनुभयो, तब मैले सारालाई भनेको थिएँ, "दया गरेर तिमीले मेरो विषयमा "यिनी मेरा दाजु हुन्" भन्नू है!।" १४ तब अबीमेलेकले भेड़ाबाख्रा, गाई-गोरु, कमारा-कमारीहरू ल्याएर अब्राहामलाई दिए, र तिनकी पत्नी सारालाई पनि फिर्ता गरिदिए। १५ अनि अबीमेलेकले भने, "हेर्नुहोस्, मेरो देश तपाईंकै सामुन्ने छ। तपाईंलाई जहाँ मन लाग्छ त्यहीं बस्नुहोस्।" १६

उनले सारालाई भने, "हेर, तिम्रा दाजुलाई मैले चाँदीका एक हजार सिक्का दिएको छु। मैले त्यसद्वारा तिमीसित हुने सबैका नजरमा तिम्रो शिर उठाइदिएको हुँ। सबैका सामु तिमीसित न्यायसङ्गत व्यवहार गरिएको छ।"

इ. बाइबलमा भएका धेरै लोकप्रिय कथनहरूमा उत्पत्ति १५:६ पनि एक हो। यसमा के भनिएको छ हेर्नुहोस् "अनि तिनले परमप्रभुमाथि विश्‍वास गरे, र यो तिनको निम्ति धार्मिकता गनियो।" त्यसको सही अर्थ के हो? विश्‍वास, काम र मुक्तिको बारेमा त्यसले के सिकाउँछ? नयाँ करारमा पनि त्यस पदको सार यसरी व्यक्त गरिएको छः रोमी ४:३ "किनकि पवित्र-शास्त्रले के भन्छ? "अब्राहामले परमेश्‍वरमाथि विश्‍वास गरे, र त्यो उनको निम्ति धार्मिकता गनियो।", गलाती ३:६,७ "अब्राहामलाई नै हेर, "उनले परमेश्‍वरमा विश्‍वास गरेथे, र यो उनको निम्ति धार्मिकता गनिएको थियो।"७ यसकारण तिमीहरूले यो जान, कि जस-जसले विश्‍वास गर्छन्, तिनीहरू नै अब्राहामका सन्तान हुन्।" र याकूब २:२३ "२३ पवित्रधर्मशास्त्रको यसो भन्ने वचन पूरा भयो, "अब्राहामले परमेश्‍वरमा विश्‍वास गरे, र यो उनको निम्ति धार्मिकता गनियो," र उनी परमेश्‍वरका मित्र कहलिए।"

ई. विश्‍व र बाइबलका केही महान् अगुवाहरू को को थिए जसका परिवारका सदस्यहरू परमेश्‍वरको मार्गमा हिँडेका थिएनन्? हामी मध्ये कतिपयले आफ्ना परिवारले पनि परमेश्‍वरलाई विश्‍वास गरोस् भनेर संघर्ष गरिरहेका हुन्छौं तर ती कथाहरूबाट हामी के सिक्नसक्छौं?